नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राजस्व अनुसन्धान विभाग
हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेश विज्ञप्ति

यस राजश्व अनुसन्धान विभागबाट निम्न विवरण सहितको विदेशी विनिमय सम्बन्धि मुद्दा काठमाडौं जिल्ला अदालतमा मिति २०७९/०५/३१ गते मुद्दा दायर गरिएको छ ।

१. **अभियुक्तको विवरण**

मनुभाई पटेलको नाती, घनश्यामभाई पटेल को छोरा स्थायी ठेगान २ parklands, नैरोवी केन्या भएका ईमेल ठेगाना rockyn@yahoo.com, सम्पर्क नं. 254710186393 राहदानी नं. Z5565715 भएको भारतिय नागरिक वर्ष ४३ को **अंकुर घनश्यामभाई पटेल ।**

२. **कसुरको संक्षिप्त विवरण**

मिति२०७९।०४।२१ गते अन्दाजी १४:०५ बजे फ्लाई दुवईको उडान नं FZ-540द्वारा काठमाडौंबाट दुबई जना लागेका यात्रु भारतीय नागरिक राहदानी नं. Z5565715 वाहक वर्ष ४३ को ANKUR GHANSHYAMBHAI PATEL ले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय उडान तर्फको प्रस्थान होल्ड ब्यागेज चेकिङ एरियाको A साइडको X-Ray Machine मा Screening गर्ने क्रममा निजले बोकी आएको साइड ब्यागभित्र अमेरीकी डलर ३६०० (तिन हजार छ सय), Pound Sterling २१३० (दुई हजार एक सय तिस), युरो ३,४००।-(तीन हजार चार सय), UAE दिराम ४,४६५(चार हजार चार सय पैसाठ्ठी) र Kenya Shilliings ४,६५०।-(चार हजार छ साय पचास) मुद्रा अबैध रुपमा लुकाई छिपाई बाहिरी मुलुमतर्फ लैजान लागेको अवस्थामा फेला पारीएको हुँदा निजलाई नियन्त्रणमा लिई खानतलासी गर्दा बरामदीत मुचुल्का मिति २०७९/०४/२१ पक्राउ गरी बरामदी मुचुल्का सहित यसै आवश्यक अनुसन्धान तथा कारबाहीको लागि मिति २०७७/०४/२२ गते यस विभागमा पेश गरेको ।

३. **कायम रहेको विगो र सजायको मागदवी**

विदेशी विनिमय नियमित गर्ने ऐन २०१९ को दफा ३,४,५ तथा मिति २०७५।१२।२६ को सूचनाको बुदा नं. ४ को कुनै विदेशि नागरिकले नेपाल आउँदा ल्याएको रकम भन्सार स्वघोषणा गरेकोमा बाहेक ५००० U.S.$ वा सो बराबरको परिवर्त्य विदेशी मुद्रा भन्दा बढी फिर्ता लैजान नपाउने गरि रोक लागएकोमा यी प्रतिवादी अंकुर घनश्यामभाइ पटेल ले जम्मा ने.रु.६,३५,४००।- बराबरको परिवर्त्य विदेशी विनिमय अवैध रुपमा ओसारपसार गरेको देखिएको समेतका उल्लेखित आधार प्रमाणहरुबाट यी प्रतिबादी अंकुर घनश्यामभाइ पटेलले उक्त अवैध विदेशी मुद्राको हुने ने.रु. ६,३५,४००।- बराबरको विदेशी विनिमय अपचलन कारोबार गरेको देखिई विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ र सो दफाले दिएको अधिकार बमोजिम नेपाल राष्ट्र बैंकले मिति २०७८।०९।२३ मा जारी गरेको परिपत्र तथा सोही ऐनको दफा १७ को उपदफा (१) बर्खिलाप कसूर गरेको पुष्टि हुन आएकोले उक्त कसूरमा निज प्रतिवादीलाई विगो ने.रु. ६,३५,४००।-(अक्षरुपी छ लाख पैतीस हजार चार सय )जफत गरी जरीवाना समेत को माग दावी लिई काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता गरिएको छ ।

**सूचना अधिकारी**
**राजस्व अनुसन्धान विभाग**